श्री राम चन्द्र मिशन

ECHOES NEPAL NEWSLETTER

मालिकको समाचार

हैदरावादः ६ देखि ९ मार्च

उहाँको हेदरावादको भ्रमण भन्दा केही घन्टा पहिले मात्रै स्थानिय अभ्यासीहरूले आदरणीय कमलेश भाईको हुन लागेको भ्रमणको समाचार पाए । उहाँ सिधै थुमकुन्टाको जोनल आश्रममा जानुभयो र सत्सङ्ग संचालन गरेपछि एउटा वार्ता दिनुभयो जसमा उहाँले भन्नुभयो "यो मेरो लागि एउटा अत्यन्त महत्वपूर्ण भ्रमण हो किनभने हाम्रा प्रियतम मालिकको महासमाधि पछि यो मेरो प्रथम भ्रमण हो । भारत भित्र यस स्थानको केन्द्रको यो भ्रमण मेरो सम्झनामा सदैव रहिरहनेछ ।" उहाँले यस कुरामा जोड दिनुभयो कि भौतिक स्तरमा मालिकलाई भेट्नु महत्वपूर्ण छैन तर हृदय-हृदय बीच समपर्क जोडिनु महत्वपूर्ण छ ।

७ मार्चको दिन BHEL आश्रममा ध्यान हलको उद्घाटन गर्नुभयो र दुईवटा सत्सङ्ग संचालन गर्नुभयो । उहाँले तीन सुझावको प्रभावमा प्रकाश पार्नुभयो जब प्रार्थनामय भावले यो गरिन्छ तथा नियमित साधनाको आवश्यकताको बारेमा भन्नुभयो । त्यसपछि कमलेश भाईले कान्हाको भ्रमण गर्ने निर्णय गर्नुभयो आश्रम आयेजना जुन प्रियतम चारीजीलाई अत्यन्त मन परेको आयोजना मध्ये एउटा हो ।

८ मार्चको दिन उहाँले थुमुकुन्टामा सत्सङ्ग संचालन गर्नुभयो । उहाँको वार्तामा उहाँले भन्नुभयो कि हामीहरू संसारमा विद्यमान अपूर्णताबाट आफ्नो हृदयलाई प्रेम फैलाएर जोगाउन सक्दछौं । उक्त दिन प्रशिक्षकहरूको बैठक गरियो जसमा उहाँले कामहरू र प्रशिक्षकहरूलाई खुल्ला गरिएको त्यहाँ तरिकाहरूको विभिन्न बुंदाहरू स्पष्ट पार्नुभयो । साँझको सत्सङ्ग पछि उहाँ कान्हातर्फ फर्किनु भयो । ९ तारिखको दिन कमलेश भाईको कान्हामा सत्सङ्ग संचालन गर्नुभयो र आयोजनाको बारेमा थप विवरणहरू लिनुभयो । सांझमा उहाँ चेन्नाई फर्किनु भयो ।

महाराष्ट्र भ्रमण,

मुम्वई १३ देखि १५ मार्च

मंगलवार, १३ मार्चको दिन कमलेश भाई मुम्वई पुग्नुभयो र बदलापुर तर्फ आश्रमको लागि नयाँ स्थान अवलोकन गर्न बदलापुर तर्फ प्रस्थान गर्नुभयो । उहाँले सत्सङ्ग संचालन गर्नुभयो र स्थलको विकासको सम्बन्धमा समितिका सदस्यहरूलाई निर्देशन दिनुभयो । पानवेल आश्रमको लागि प्रस्थान गर्नु अगाडि उहाँले एउटा विरुवा रोप्नु भयो ।

मुम्वईमा उहाँले सत्सङ्ग संचालन गर्नुभयो, प्रशिक्षकहरूसित भेट गर्नुभयो र अभ्यासीहरूलाई सम्बोधन गर्नुभयो साथै भन्नुभयो एउटा व्यक्तिले आफ्नो जीवनमा भौतिक पक्ष र आध्यात्मिक पक्षको बीच सन्तुलनको भावना कायम गर्नु पर्दछ । उहाँले भन्नुभयो, यसको अर्थ यो हो कि एउटा व्यक्तिको भौतिक जीवन आदर्श रहनु पर्दछ यसले आध्यात्मिक मार्गमा सजिलै यात्रा गर्न सकियोस ।

१४ तारिखको दिन, सत्सङ्ग पश्चात कमलेश भाईले आफ्नो व्यक्तिगत अनुभवको बारेमा कुरा गर्नुभयो र भन्नुभयो पिडा सबैलाई हुन्छ, दुःख एउटा छनौटको विषय हुन सक्दछ र उहाँले थप भन्नुभयो कि उहाँले पनि पिडाको अनुभव गर्नुभयो तर कहिलै दुःख भोग्नु भएन । उहाँ आईतवारको सत्सङ्गमा त्यस केन्द्र र टाढा टाढाबाट पनि यति धेरै संख्यामा अभ्यासीहरू सहभागी भएकोमा विशेष गरेर खुशी हुनु भयो उक्त सत्सङ्गमा पुणे, अहमद नगर, सुरत, सोलापुर, चिकनी औरँगावाद, नासिक र ग्रेटर मुम्वई क्षेत्रका केन्द्रका अभ्यासीहरू पनि थिएँ ।

उहाँले मुम्वईमा प्रशिक्षकहरूलाई सम्बोधन गर्नुभयो र सम्वोधन पश्चात प्रश्न उत्तरको सत्र भएको थियो । त्यहाँ भएको अन्तर क्रियाको उदाहरण यस प्रकार छ:

- वाबुजी महाराजको अनुसार हाम्रो वास्तविक यात्रा परमात्मासित लयावस्थामा पुगेपछि मात्र शुरु हुन्छ, उहाँले थप भन्नुभयो यो अलिकता यो भने जस्तै हो कि जीवनको सही सुरुआत विवाह पश्चात हुन्छ ।
- ध्यानको अवधिमा आँउने विचारहरूसित कसरी व्यवहार गर्ने भन्ने स्वभाविकै हो, विचार विहिन अवस्था प्राप्त गर्नु आदर्श होइन्, यदि हामीले यो ईश्वरीय प्रकाशको विचार सबै समयमा राख्न सक्यौ भने यी विचारहरू हुंदाहुंदै पनि हामी ध्यान गर्न सक्दछौं ।

आईतवारको सत्सङ्ग र दिउँसोको खाना छिटै खाएर उहाँ नासिक तर्फ प्रस्थान गर्नुभयो ।

मध्य महाराष्ट्रः १५ देखि १९ मार्च

कमलेश भाई अपरान्हमा सडकको बाटोबाट **नासिक** पुग्नु भयो र त्यहाँ जम्मा भएका ३०० जना अभ्यासीहरूको लागि तत्कालै सत्सङ्ग संचालन गर्नुभयो । साँझमा उहाँले आश्रम निर्माण स्थलमा अस्थायी ध्यान हल उद्घाटन गर्नुभयो । उहाँले एक घन्टाको सत्र युवकहरूसित विताउनु भयो र नयाँ अभ्यासीहरू, टि.भी. हेरेर समय नाश गर्ने, आधुनिक पारिवारिक जीवन र हामी स्वयंको विकास गर्ने जस्ता विविध विषयमा कुराकानी गर्नुभयो ।

१६ तारिखको दिन सत्सङ्ग र विहानको खाजा खाएपछि उहाँ औरंगावाद तर्फ प्रस्थान गर्नुभयो, बाटोमा उहाँ **योउलामा** रोकिनुभयो जुन एउटा स्याटेलाईट Centre हो र त्यहाँ सत्सङ्ग संचालन गर्नुभयो । त्यहाँ वाह्र जना नयाँ अभ्यासीहरूलाई प्रारम्भिक सिटिङ्ग दिइयो र दिउँसोको खाना खाए पछि उहाँ फेरी सडकको बाटो **लासुर** केन्द्रमा अपरान्हको करिब तीन बजे पुग्नु भयो । उहाँले त्यहाँ करिब पचास जना अभ्यासीहरूको लागि रूख मुनि सत्सङ्ग संचालन गर्नुभयो जुन ध्यान केन्द्रको लागि प्रस्तावित स्थानको नजिकै छ । त्यहाँ उपस्थित सबैको लागि यो एउटा अविस्मरणीय अवसर थियो । अन्त्यमा कमलेश भाई अपरान्हको चार बजे औरंगावाद पुग्नु भयो । औरंगावाद आश्रममा सत्सङ्ग संचालन गर्नु अगाडि उहाँले एउटा छाटो वार्ता दिनुभयो जसमा उहाँले प्रेमका साथ ध्यान गर्नु पर्ने कुरामा जोड दिनुभयो ।

मंगलबार १७ तारिखको दिन कमलेश भाईले **औरंगावादको** गर्वन्मेन्ट ईन्जिनियरिङ्ग कलेजमा *"ध्यानको अनुभव गर्नुहोस्"* भन्ने विषयमा सम्वोधन गर्न जानुभयो । यो सम्वोधनमा २०० जना भन्दा बढी आकांक्षीहरू सहभागी थिए जसमा विद्यार्थीहरू, फ्याकट्री मेम्वरहरू र आमन्त्रित व्यक्तिहरू सम्मिलित थिए । आफ्नो सम्वोधनमा उहाँले ज्ञान राख्नु भन्दा अनुभवबाट सिक्नु धेरै महत्वपूर्ण छ । उहाँले ध्यानको प्रकृतिको बारेमा व्याख्या गर्नुभयो सहज मार्ग पद्धतिमा प्राणाहुतिले पुऱ्याएको गहिरो सहयोगको बारेमा कुरा गर्नुभयो । उहाँले सिथिलताको तरिका पनि गरेर देखाउनु भयो । त्यसपछि उहाँले अनुभव गर्न ईच्छुक व्यक्तिहरू लाई ध्यान संचालन गर्नुभयो । करिब करिब सबै सहभागीहरूले

उक्त सत्रमा बसे र ४० जना भन्दा बढी विद्यार्थीहरूले अभ्यास शुरु गर्ने रूचि देखाए ।

यस पश्चात कमलेश भाई चिखली तर्फ प्रस्थान गर्नुभयो र करिब २५० जना अभ्यासीहरूको लागि संचालन गर्नुभयो त्यसमा २२ जना नयाँ अभ्यासीहरू पनि सहभागी थिए । सत्सङ्ग पश्चात उहाँले करिब २५ मिनेट हिन्दीमा भाषण गर्नुभयो र पछि अभ्यासीहरूसित रातीको खाना खानु भयो र सबैलाई आफैले प्रसाद वितरण गर्नुभयो ।

१८ तारिखको दिन, विहानको सत्सङ्ग पश्चात उहाँ **जाल्ना** तर्फ प्रस्थान गर्नुभयो उहाँले सत्सङ्ग संचालन गर्नुभयो र भविष्यमा ध्यान केन्द्र बनाउनको लागि अभ्यासीहरूले प्रदान गरेको जमिन अवलोकन गर्नुभयो ।

औरंगावाद फर्किनु भएपछि उहाँले साँझमा आश्रममा सत्सङ्ग संचालन गर्नुभयो र तिनीहरूसित हिन्दीमा वार्ता गर्नुभयो र तिनीहरूलाई आफुस्वयंमा परिवर्तन ल्याउन प्रोत्साहन गर्नुभयो । बसाईको अवधिमा उहाँले अभ्यासीहरूलाई यो अनुभव गराउनु भयो कि उहाँ पनि तिनीहरू मध्ये नै एक जना हुनुहुन्छ ।

१९ मार्चको दिन उहाँ **अहमदनगर** तर्फ प्रस्थान गर्नुभयो जहाँ सत्सङ्ग ओम गार्डेन मंगल कार्यालयमा संचालन गर्नुभयो तत्पश्चात उहाँ एक जेष्ठ अभ्यासीको घरमा जानु भयो । त्यसपछि औरंगावाद जानुको साटो उहाँले कार्यक्रम परिवर्तन गरेर पुणे जाने निर्णय गर्नुभयो ।

पुणे: १९ देखि २२ मार्च

आफ्नो सानो भ्रमण टोली सहित उहाँ पुणे पुग्नु भयो र साँझमा एक जना अभ्यासीको निवासमा सत्सङ्ग संचालन गर्नुभयो । २० तारिखको दिन उहाँ वान्सेट रिट्रिट सेन्टर जानु भयो उहाँ उहाँले आफ्नो भ्रमण अवधिमा विहान र वेलुकीको सत्सङ्ग संचालन गर्नुभयो । उहाँले १५ जना नयाँ प्रशिक्षक बनाउनु भयो र अभ्यासीहरूलाई थुप्रै वार्ता प्रदान गर्नुभयो । तिनीहरू मध्य एउटामा उहाँले भन्नुभयो "जीवनको अवस्था जस्तो भए पनि हाम्रो हृदयबाट प्रेम प्रवाहित भईरहनु पर्दछ । यो जमेको पानी जस्तो नभएर नदि जस्तो हुनु पर्दछ ।" अर्को एउटा सत्रमा उहाँले भन्नुभयो "हृदयले तपाईंलाई सदैव सत्य कुरा भन्दछ र ठीक ढङ्गले मार्ग दर्शन गर्दछ । लोभ र अहंले हस्तक्षेप गरे गलत मार्ग दर्शन गर्दछ । हृदयको अनुसरण गर्न व्यक्तिलाई साहसको आवश्यकता हुन्छ । सदैव आफ्नो हृदयलाई अनुसरण गर्नुहोस्"।

कटेजमा उहाँको समय नयाँ अभ्यासीहरूलाई भेटन् विद्यमान अभ्यासीहरूसित अन्तरक्रिया गर्न हाँसो र उहाँको कहिलै नसकिने काम गर्नमा वितिरहेको थियो । प्रत्येक साँझ उहाँले खडकावास्ला बाँधको किनारामा रमाईलो पदयात्राको आनन्द लिनुभयो जहाँ उहाँ केही क्षण मौन भएर बस्नु भयो तत्पश्चात केटाकेटीहरू अभ्यासीहरूसित अन्तरक्रिया गर्नुभयो र आफ्नो खुल्लापन र प्रत्येकसित प्रेम सहित कुराकानी गर्नुभयो ।

तटिय आन्ध्रको भ्रमण

२ देखि १२ अप्रिल

२ तारिखको दिन आदरणीय कमलेश भाई विहानको ६:३० बजे नै तयार हुनुभयो र ध्यानमा बस्नुभयो । उहाँले मालिकहरूसित तटिय आन्ध्र प्रदेशको धेरै केन्द्र भ्रमण गर्न जानुभएको यात्राको लागि प्रार्थना गर्नुभयो । उहाँले उल्लेख गर्नुभयो कि चारीजीले यी सबै केन्द्रहरूको फेरी भ्रमण गर्ने ईच्छा गर्नुभएको थियो तर विविध कारणहरूले गर्दा यो हुन सकेन् ।

उहाँ विहानको करिब ९ बजे **सुल्लरवेटा** पुग्नु भयो र त्यहाँ जम्मा भएका कर्रिब १२० जना अभ्यासीहरूको लागि सत्सङ्ग संचालन

गर्नुभयो । एउटा छोटो वार्ता पछि उहाँ **नेल्लोर** तर्फ प्रस्थान गर्नुभयो । अर्को दिन उहाँले **मान्नाभरपुडड** अवस्थित नयाँ सुलोचना सदन आश्रमको उद्घाटन गर्नुभयो जुन नेल्लोरबाट १५ कि.मी. पर रहेको छ । एउटा वार्ताको क्रममा उहाँले यो व्याख्या गर्नुभयो कि संस्कारहरू र अहं दुईवटा छुट्टाछुट्टै अस्तित्व हुन् । "अहंको संस्कारहरूसित कुनै सम्बन्ध छैन् । जब हामी यो ईच्छा राख्दछौं कि "म यो गर्दिन्" वा म आफ्नी पत्नीलाई उचित रुपमा व्यवहार गर्दिन्, यो ईच्छा राखेको हो । यसले समस्याहरू, अव्यवस्थाहरू र थप संस्कारहरू सृजना गर्दछ । अहं संस्कारको परिणाम होईन, तर अहंले थप संस्कारहरू सृजना गर्दछ ।"

आफ्नो भ्रमणलाई जारी राख्दै उहाँले **काभली** आश्रमको अवलोकन गर्नुभयो र ओनगोलेमा ४ देखि ६ अप्रिलसम्म समय विताउनु भयो । यो स्थानहरूमा स्थानिय अभ्यासीहरू तथा नजिकैका केन्द्रहरूबाट ठूलो संख्यामा जम्मा भएका थिए । उहाँले सत्सङ्ग संचालन गर्नुभयो तथा अभ्यासी र केटाकेटीहरू समय विताउनु भयो । ६ तारिखको दिन चिलाकुलुरीपेटाको बाटोमा यानामाहडा नामक सानो गाउँमा रोकिनु भयो जहाँ उहाँले २५० जना स्थानिय निवासीहरूलाई सम्बोधन गर्नुभयो जो सहज मार्गको बारेमा थप कुरा जान्न चाहन्थे । उहाँले जीवनको लक्ष्य र ध्यानको आवश्यकताको बारे मा सन्देश प्रसारित गर्नुभयो ।

तत्पश्चात कमलेश भाई **चिलाकालुरीपेटा**को लागि प्रस्थान गर्नुभयो । सत्सङ्ग पश्चात उहाँ आश्रमलाई आर्शिवाद दिनुभयो र एउटा छोटो सन्देश दिनुभयो जसमा उहाँले स्थानिय टोलीलाई विरुवाहरू रोप्न सल्लाह दिनु भयो । उहाँले भन्नुभयो कि लालाजीको ईच्छा थियो कि सबै आश्रमहरू काकभुसुन्डीको आश्रम जस्तै हरियो र शान्तिमय होउन्, रुखहरूले प्राणाहुतिलाई राखी राख्दछन तर मानिसहरूले यो राखी राख्न पनि सक्दछन, गुमाउन पनि सक्दछन । त्यसैले धेरै रुखहरूको वृद्धिले आश्रमको आवेशलाई कायम राखी राख्दछन् ।

मध्यान्हमा उहाँ **कोलाकालुर** पुग्नु भयो जहाँ उहाँले सत्सङ्ग संचालन गर्नुभयो र तटिय भेलाको स्पष्ट छाप अनुभुति भई नै रहयो । अपरान्हमा विश्राम गर्दा उहाँले भन्नुभयो गुरु श्रृंख्लाले यो भ्रमण लाई हेरिरहेका छन् र उनिहरू सम्पूर्ण संसारमा विशेष कामहरू गरिरहेका छन् । मानवतालाई आध्यात्मिक खुल्लापन यसको आफै भलाई र अस्तित्वको लागि आवश्यक छ ।

७ तारिखको दिन विहानको ८:३० मा कमलेश भाई **गुन्टुर** आश्रम पुग्नुभयो । करिब ४०० अभ्यासीहरू उहाँको स्वागतको लागि त्यहाँ उपस्थित थिए । उहाँले परिसरको अवलोकन गर्नुभयो र सबैकुरा ध्यानले हेर्नुभयो । उहाँको भ्रमणको स्मृतिस्वरूप उहाँले आँपको तीनवटा विरुवा त्यहाँ रोप्नु भयो । विहानको १०:३० बजे उहाँ विजयवाडाको लागि प्रस्थान गर्नुभयो ।

विजयवाडाको बाटोमा कमलेश भाई के एल युनिवर्सिटीमा रोकिनु भयो जहाँ विजयवाडाको टोलीले एउटा ओपन हाउस आयोजना गरे को थियो । करिब ३०० जना विद्यार्थी तथा फ्याक्ट्री मेम्बरहरूले जीवनमा ध्यानको महत्व बारे एउटा छोटो परिचय उत्साहपूर्वक सुने । उहाँको उत्प्रेरक वार्ता पछि उहाँले एउटा विश्रान्तिको सत्र संचालन गर्नुभयो र केही क्षणमा नै सहभागीहरू गहिरो अवस्थामा डुब्न पुगे । पछि उहाँले विद्यार्थीहरूलाई पहिलो सिटिङ्ग प्रदान गर्नुभयो र त्यसपछिका दिनहरूमा उक्त प्रारम्भिक सिटिङ्गलाई निरन्तरता प्रदान गर्न रिमोट सिटिङ्ग प्रदान गर्नुभयो ।

८ तारिखको दिन विहान उहाँले सत्सङ्ग पछि एउटा छोटो वार्ता दिनुभयो जसमा उहाँले त्यहाँ उपस्थित भएकाहरूलाई नयाँ अभ्यासीहरूलाई खुल्ला हृदयले स्वागत गरिनु पर्दछ भन्नुभयो र हामीले तिनीहरूको अनुभवलाई सुहाउँदो वातावरण सृजना गर्नु पर्दछ ।

उहाँले एलुर भएर **राजामुन्द्रिको** यात्रा जारी राख्नु भयो जहाँ उहाँले फेरी एक पटक आश्रमको नजिकै रुख रोप्नु पर्ने र तिनीहरूलाई जोगाउन पर्ने आवश्यकतामा जोड दिनुभयो ।

९ तारिखको दिन उहाँले साँझमा **काकीनाडा** पुग्नु अघि **अमलापुरम** र **यनम** केन्द्रको अवलोकन गर्नुभयो । सत्सङ्ग पछिको आफ्नो वार्तामा उहाँले हाम्रो अभ्यासलाई दिगो र निरन्तर बनाउनु प्रयत्न गर्नु पर्ने कुरामा जोड दिनु भयो । "सानो प्रयत्नको परिणाम पनि ठूलो कुरो हुन्छ । शुरुमा सानो प्रयत्न धेरै कुरा जस्तो लाग्दैन् । तर हाम्रो हृदयमा सृजना भएको प्रत्येक सानो अवस्था जम्मा हुँदै जान्छत, माथीबाट झरेको पानीको थोपा भाप बनेर उडेर जान दिनु हुँदैन्, त्यसलाई हामीले हृदयमा जम्मा गरेर राख्नु पर्दछ र त्यस लाई समुन्द्र बनाउनु पर्दछ । र त्यसपछि मेरो यो समुन्द्र मेरो मालिकको समुन्द्रसित लयवद्ध हुन जान्छ, त्यसपछि त्यो सौन्दर्य बन्दछ, भव्य सौन्दर्य बन्दछ, बुझ्नु भयो ।"

१० तारिखको दिन मध्यान्हमा प्रस्थान गरेर कमलेश भाई **सम्पतिपुरम** आश्रम पुग्नु भयो जुन भिजगबाट ४० कि.मी. पर छ । साँझ पख उहाँ अभ्यासीहरूसित बाहिर बस्नु भयो र हैदरावाद आयो जनाको बारेमा कुरा गर्नुभयो तथा यो सहज मार्गको मक्का बन्नेछ भनेर टिप्पणी गर्नुभयो । छलफलको विषयमा विज्ञान र आध्यात्मिकतामा पुग्यो । रातीको खाना पछि उहाँ स्थानिय व्यक्तिहरूसित लामो समयसम्म भविष्यमा विकासको सम्भावनाको विषयमा छलफल गरेर बस्नु भयो तथा आध्यात्मिकताको विषयमा एउटा प्रश्नको उत्तरमा उहाँले भन्नुभयो "हाम्रो अकर्मण्यताले पनि संस्कारहरू सृजना गर्दछ, हामीले केही कुरा गर्न सक्ने असक्षमता र त्यसैको बारेमा घोत्लिईरहनाले पनि संस्कारहरू निर्माण गर्दछ ।"

१२ तारिखको दिन विहान ७:३० बजेको सत्सङ्ग पश्चात उहाँले भ्रमणको अन्तिम वार्ताको रूपमा वार्ता दिनुभयो जसमा व्यक्तिहरूलाई निष्ठापूर्वक अभ्यासको आधारमा आफ्नो राम्रो परिवर्तन गर्न र आफुमा भएको परिवर्तनको परिणाम स्वरूप सयौ जिज्ञासुहरूलाई पनि आकर्सित गर्न प्रोत्साहन गर्नुभयो । त्यसपछि उहाँले प्रशिक्षक तथा अभ्यासीहरूसित अनौपचारिक कुराकानी गर्नु हुँदै सबैले मिशनको बृद्धिको लागि सक्रिय भार सहभागी हुनु पर्दछ भन्नुभयो । मध्यान्हमा उहाँले स्वयंसेवकहरूसित दिउँसोको खाना खाँदै तिनीहरूसित यस भ्रमणलाई अन्त्य गर्दै उहाँले भन्नुभयो उहाँ भेलाहरू अनुशासन र आध्यात्मिक भेलामा अभ्यासीहरूको सहभागिताको प्रकृया देखेर खुशी लागेको छ । भन्नुभयो । त्यसपछि उहाँ रेलद्वारा हैदरवाद तर्फ प्रस्थान गर्नुभयो ।

हैदरावाद: १३ अप्रिल

विहानको करिब १०:०० बजे तिर कमलेश भाई हैदरावाद पुग्नुभयो र डोमलगुडा योगाश्रम जानु भयो उहाँ २००० भन्दा बढी अभ्यासीहरू उहाँको प्रतिक्षा गरिरहेका थिए । सत्सङ्ग पश्चात उहाँले एउटा छोटो वार्ता दिनुभयो जसमा उहाँले ३१ मार्च २०१५ को व्हिस्पर सन्देशको उद्धरण गर्नुभयो जसमा वाबुजी भन्नुहुन्छ कि कान्हा शान्ती वनम् आयोजना "आध्यात्मिक पुण्यस्थान" वन्ने छ । उहाँले अभ्यासीहरूको प्रोत्साहन दिदै अभ्यासीहरू लाई यथा सम्भव संलग्न हुन र ५०००० भन्दा बढी रुख भएको साँच्चिकै वन वनाउन भन्नुभयो । उहाँले यो पनि भन्नुभयो कि आयोजनालाई २००० स्वयंसेवकको आवश्यकता छ । कान्हामा केही क्षण विताएर साँझमा उहाँ दिल्ली तर्फ प्रस्थान गर्नुभयो ।

उत्तर भारतको भ्रमण: १४ देखि २० अप्रिल

१४ तारिखको दिन कमलेश भाईले **गुड्गाँव** आश्रममा सत्सङ्ग संचालन गर्नुभयो र साँझको ध्यान पछि एउटा वार्ता दिनुभयो । १५ तारिखको विहानै उहाँ दिल्लीबाट प्रस्थान गर्नुभयो र लखनउको अमाउसी विमानस्थल पुग्नु भयो जहाँबाट उहाँ सिधै आश्रमतर्फ प्रस्थान गर्नुभयो । विहानको खाजा र छोटो विश्राम पछि उहाँले वाबुजी महाराजको जन्म उत्सव समारोह स्थलको नक्सा हेर्नुभयो र सुधारको लागि सुझाव दिनुभयो । त्यसपछि उहाँ कारद्वारा कार्यक्रम स्थलमा चारैतिर घुम्नुभयो । त्यसपछि उहाँले ध्यान हलमा सत्सङ्ग संचालन गर्नुभयो र यसपछि उहाँले अभ्यासीहरू लाई एउटा छोटो वार्ता दिनुभयो ।

१६ तारिखको दिन उहाँ **शाहजहाँपुर**को लागि प्रस्थान गर्नुभयो र विहानको ९:०० बजे स्थलमा पुग्नु भयो । केही प्रेमी र उत्साहित अभ्यासीहरू सडक छेउमा उहाँको स्वागत गर्न माला र मायालु हृदय लिएर प्रतिक्षारत थिए । आश्रममा पुगे पछि उहाँ वाबुजी महाराजको *महासमाधि मण्डप* जानुभयो र फूलहरू अर्पण गर्नुभयो । छोटो ध्यान पछि उहाँ ध्यानहलमा जानु भयो र सत्सङ्ग संचालन गर्नुभयो ।

त्यसपछि उहाँ आश्रमको चारैतिर घुम्नु भयो र विशेष गरेर नयाँ भान्सा र खाना खाने खण्ड हेर्नुभयो तथा पछि हुने पुर्न निर्माण र नयाँ निर्माण गर्दा गर्नु पर्ने धेरै सुधारको लागि सुझाव दिनु भयो । त्यसपछि आफ्नो ईमेल चेक गर्नुभयो र प्रशासनिक विषयमा छलफल गर्नुभयो । साँझमा उहाँले सत्सङ्ग संचालन गर्नुभयो र शाहजहाँपुरका स्नेही र निस्ठावान अभ्यासीको घर जानु भयो ।

उहाँको वार्ताहरू मध्य एउटा वार्तामा उहाँले भन्नुभयो "लालाजी महाराज भन्ने गर्नु हुन्थ्यो हामीले यस ढङ्गले अभ्यास गर्नु पर्दछ कि हाम्रो प्रगति हाम्रो व्यवहारमा प्रतिविम्वित हुनु पर्दछ । हामीले आ^नो जीवन यस प्रकारले विताउनु पर्दछ कि हामी उहाँकै सम्झनामा डुबि रहौं र साँझको सफाईको आवश्यकता पनि नपरोस । र त्यही नै चरम उपलब्धि हो ।"

शाहजहाँपुरमा हुंदा पनि कमलेश भाई तटिय आन्ध्रको काममा संलग्न हुनुहुन्थ्यो र ग्रामिण क्षेत्रका थुप्रै समुहलाई रिमोट सिटिङ्ग प्रदान गरिरहनु भएको थियो ।

१७ तारिखको दिन उहाँले ध्यानहलमा सत्सङ्ग संचालन गर्नुभयो र विहानको खाजा खाए पछि उहाँ वाबुजी महाराजको घरमा जानु भयो र त्यसै कोठामा सत्सङ्ग संचालन गर्नुभयो जहाँ वाबुजी वस्नु हुन्थ्यो र काम गर्नु हुन्थ्यो ।

उहाँ विहानको ९:३० बजे शाहजहाँपुरबाट **फत्तेहगढको** लागि प्रस्थान गर्नुभयो । आश्रममा पुगे पछि उहाँले सत्सङ्ग संचालन गर्नुभयो र आश्रम परिसरको विकासको लागि प्रस्ताव बनाउनु भयो । आफ्नो वार्तामा उहाँले भन्नुभयो "हाम्रो गुरु दक्षिणा उहाँको सन्देश मानिसहरूमा फैलाउनु हो । नयाँ जिज्ञासुहरू तिनीहरूको अभ्यास जारी राख्दछन कि राख्दैनन् त्यो तिनीहरूको ईच्छा हो । तर तिनीहरूले सहज मार्ग ध्यानको बारेमा थाहा पाउनु पर्दछ । हामीले तिनीहरूलाई यस कुरामा विश्वस्त पार्नु पर्दछ कि तिनीहरूले पनि चाहना गर्दछन, हाम्रो ढोका तिनीहरूको लागि खुल्ला छ । तिनीहरूको आलोचना नगर्नु होस् । सहज मार्ग प्रेमको मार्ग हो ।"

सबै अभ्यासीहरू प्रेम र कृतज्ञतामा चुर्लुम्म डुबे जब उनिहरूले देखे कि तिनीहरूमा प्रियतम मालिक रातीको खाना वितरण गरिर हनुभएको थियो । उहाँले राती आश्रममा नै बस्ने निर्णय गर्नुभयो र १ ८ अप्रिलको दिन वेलुकी ६:०० बजे फत्तेहगढबाट प्रस्थान गर्नुभयो ।

लखनौंको बाटोमा **हरदोई**मा PWD Inspection House मा छोटो बसाईको योजना बनाइएको थियो । उहाँले स्थानिय अभ्यासीलाई भेट्नु भयो र **लखनउ** आश्रमको लागि प्रस्थान गर्नु अघि सत्सङ्ग संचालन गर्नुभयो ।

१९ तारिखको दिन कमलेश भाई विहानै उठनु भयो । उहाँको ईमेल हेर्नुभयो तथा ध्यानहलमा सत्सङ्ग संचालन गर्नुभयो । सत्सङ्ग पछाडि उहाँले एउटा भाषण दिनुभयो जसमा उहाँले सुक्ष्मतापूर्वक ध्यान गर्नुको महत्वमा जोड दिनुभयो । उहाँले अनुशासनको आवश्यकताको बारेमा अभिव्यक्ति दिनुभयो तथा यस कुरामा जोड दिनुभयो कि यो अभ्यासीको स्वयंकै लाभको लागि हो ।

` उहाँले कटेजमा सबै स्वयंसेवकहरूसित भोजन गर्नुभयो र साँझमा ध्यानहलमा सत्सङ्ग संचालन गर्नको लागि आँउनु भयो । छोटो भाषणमा उहाँले भन्नुभयो "त्यसैकारणले विभिन्न वस्तुहरूको लागि ईच्छा गर्न बन्द गर्नुहोस् र जस्तो छन् त्यसैलाई स्वीकार गर्न सुरु गर्नुहोस् र यो खुशी भएर गर्नुहोस् । हामीले दु:खहरूलाई स्वीकार गर्नुपर्दछ र त्यो पनि खुशी भएर तिनीहरूबाट सिक्न समर्थ हुनु पर्दछ । कटु,क्रुद्ध र चिसो हृदयले मालिकको कृपालाई मोडिदिन्छ र त्यस्तो व्यक्ति जो सदैव खुशी रहन्छ र सबै परिस्थितिमा कृतज्ञ रहिर हन्छ उसले कृपा स्वत: नै प्राप्त गर्दछ र यस्तो व्यक्तिले छिटो प्रगति गर्दछ ।" तिनीहरूको खुशीको रूपमा उहाँले सबै स्वयंसेवकहरूसित खाना खाने कक्षमा सँगै भोजन गर्नुभयो ।

२० अप्रिलको दिन विहान ९:०० बजे उहाँले अमाउसी विमानस्थलको लागि आश्रम छोडनु भयो तथा नयाँ दिल्लीको लागि हवाईजहाज चढनु भयो र त्यहाँबाट अहमदाबाद तर्फ अगाडि बढनु भयो ।

ल्याटिन अमिरिका र तथा आईवेरियन पेनिस्युयलाको लागि सेमिनारः ९–१४ फब्रुअरी

दक्षिण अमेरिका ९ देखि १४ फेब्रुअरी ब्राजील, चिली, कोलम्बिया, ईक्वेडर, फ्रान्स, हाइटी, मार्टिनिक, मेक्सिको, मोरक्को, पोर्चुगल, स्पेन, युएसए र भेनेज्वेलाका अभ्यासीहरूले यो सेमिनारमा भाग लिएका थिए ।

प्रत्येक दिन तीनवटा ध्यान सत्रहरू र दुईवटा कार्यक्रमहरू हुने गर्दथिए । सेमिनारको अवधिमा थुप्रै सत्रहरूमा आत्मावलोकन हुने गर्द थियो, त्यसपछि स-साना समुहमा छलफल त्यसपछि प्रत्येक सहभागीहरूको टिप्पणी, तिनीहरूको विचार तथा अनुभूति व्यक्त गर्ने गरिन्थ्यो । प्रस्तुतिका श्रृंखलामा केन्द्रित भएको विषय, मालिकलाई आन्तरिकिकरण र उहाँको शिक्षालाई वाह्यकरण गर" भन्ने थियो । लालाजी महाराजले बताउनु भएको सम्वादको सिद्धान्तको विषयको सत्रमा सहभागीहरूलाई आत्मावलोकन गर्न लगाईयो र केही प्रश्नको उत्तर दिन लगाईयो कि उनिहरू कसरी सम्वाद गर्दछन्, उनिहरूको अरु प्रतिको दृष्टीकोण कस्तो रहन्छ र तिनीहरू आफ्नो सम्वादको ढङ्गमा के कस्तो परिवर्तन ल्याउन् चाहन्छन् । सेमिनारको अन्तिम दिनहरूको अवधिमा धेरै अभ्यासीहरूले यी प्रश्नका उत्तरहरू दिए तथा प्रमाणको रूपमा तिनीहरूले आफ्नो व्यक्तिगत अनुभवको उदाहरणहरू थिए ।

१३ फेब्रुअरीको दिन कमलेश भाईको सेमिनारका सहभागीहरू लाई वार्ता दिनुभयो । त्यस वार्ताका केही बुंदाहरू तल दिईएका छनः

- हाम्रो ज्ञान हाम्रो अनुभवमा आधारित हुनु पर्दछ । हाम्रो विचारमा प्रचुर सम्भावना छ तर तिनीहरू अनुभवमा आधारित हुनै पर्दछ र त्यो हृदयबाट स्वतः उत्पन्न भाव जस्तो हुन्छ, त्यसो भएमा मात्रै यो वास्तविक हुन्छ ।
- धेरै नवोल्नु होस् । हाम्रो वाह्य व्यवहार, हाम्रो आन्तरिक सौन्दर्यको प्रकटरूप हो र त्यो पवित्रता त्यस समयमा फर्किन्छ जब सबै कुराहरू ठीक ढङ्गले गरिन्छ ।
- हाम्रो सफाईको तरिका अत्यन्त प्रभावकारी छ । सफाईको हाम्रो मौलिक अभ्यासमा हामी तीनवटा विविधताहरू थप्न सक्दछौं (१) कुनै निर्णय गर्नु भन्दा अगाडि छोटो सफाई गर्ने जसले नकारात्मक परिणामलाई पंछयाउछ (२) कुनै व्यक्तिलाई भेटनु अघि छोटो सफाई गर्ने ताकि त्यस व्यक्तिसित सम्भावित विरोध हटाउन सकियोस् (३) कुनै नकारात्मक घटना घटेको तत्कालै एउटा संक्षिप्त सफाई

प्रशिक्षक उम्मेदवार कार्यक्रमः ६ देखि १५ मार्च

यो सेमिनारमा ४३ जना ब्रदर र सिस्टरले भाग लिएका थिए र प्रशिक्षकहरूको काममा भर्खरै थपिएको परिवर्तनहरूको बारेमा पनि जानकारी लिएका थिए । सहज मार्गको दर्शन, अवस्था पढने तथा दश नियमहरू जस्ता विषयहरूमा सत्र संचालन भएको थियो ।

कमलेश भाई समय दिन उदार हुनु भएको थियो र उम्मेदवार हरूलाई तीन पटक सम्बोधन गर्नुभयो । उहाँले प्रशिक्षकहरू विनम्र र आफ्नो कामहरू अज्ञात भएर गर्नु पर्ने आवश्यकतामा जोड दिनु भयो तथा उत्साहका साथ अभ्यास गर्नु पर्ने कुरामा जोड दिनु भयो । अडिटोरियम खण्डको पिढीमा रातीको खानामा उहाँले पनि भाग लिनु हुंदा उम्मेदवार आनन्दित भए ।

नयाँ प्रशिक्षकको रूपमा पवित्र र आदर्श काम सुरुआत गर्ने अवस्थामा सेमिनारले उहाँहरूमा भातृत्व र उद्देश्य प्रति जागरूकता जागृत गरायो ।

हाम्रो नियतिको ढाँचा निर्माणः अखिल भारतीय युवा सेमिनार - मार्च

भारत भरीबाट १८ बर्ष देखि २५ बर्षसम्मका युवा सहभागीहरू यो सेमिनारमा सहभागी हुन आइपुगे जो दुई महिना देखि ईमेलद्वारा पढाईएको साप्ताहिक गतिविधिद्वारा तयार पारिएका थिए । यो सेमिनार भरी नै "जानकारी" भन्दा "अनुभवमा" जोड दिइएको थियो । कार्यक्रमको सुरुआत चारीजीको "स्वस्थ दर्शी वन" भन्ने वार्ताबाट भएको थियो । सिस्टर एलिजावेथ डेन्लीले कसरी सहज मार्गको व्यवस्थित अभ्यासद्वारा एउटा आकांक्षी "संवाद" बाट "समागम" मा विकसित हुन समर्थ हुन्छ भनेर व्याख्या गर्नु भयो । अन्य गतिविधिहरूमा सहज मार्गको अभ्यासको विषयमा उत्साहजनक सत्रहरूमा सहभागिता थियो । आफ्नो भ्रमणबाट फर्किए पछि कमलेश भाईले तेश्रो दिनको विहानको सत्सङ्ग संचालन गर्नुभयो र त्यसपछि सेमिनार अवधि भर संचालन गर्नुभयो । सत्सङ्ग पश्चात उक्त समुहलाई उहाँले दिनु भएको वार्ताको मुख्य मुख्य कुराहरू यस प्रकार छन्:

- प्रार्थना गर्नुबाट हरघडी प्रार्थनामय अवस्थामा जानुहोस् ध्यान गर्नुबाट हर समय ध्यानतित अवस्थामा जानुहोस् ।
- जब हामी भण्डारामा हुन्छौं हामी ईनारको भित्र गएको वाल्टिन जस्तै हुन्छौं । यो डुवाउँदा भरी जस्तो देखिन्छ तर जब यसलाई माथी तानिन्छ यसबाट केही पानी छचलिन्छच र यदि वाल्टिनमा तल प्वाल रहेछ भने सबै पानी चुहिएर जान्छ र वाल्टिन मात्रै माथी आँउदछ । यी प्वालहरू अरु केही नभएर हाम्रा ईच्छाहरू मात्रै हुन् ।
- जब एउटा सुन्यताले दुईवटा गोलाकार वस्तुलाई जोड्दछ, तिनीहरूलाई छुट्याउन धेरै कठिन हुन्छ । जब तपाईं यसमा थोरै हावा प्रवेश गराउनु हुन्छ, तिनीहरू सजिलैसित छुट्टिन्छन् । शुन्यताको शक्ति यस्तो हुन्छ । यस्तो सुन्यता आफ्नो हृदयमा सृजना गर्नुहोस ताकि स्रोतसँग शक्तिशाली नछुट्टिने बन्धन सृजना गर्नुहोस । हृदयमा भएको शुन्यता अत्यन्त सानो ईच्छाले समेत नष्ट हुन जान्छ ।
- आफ्नो मातापितालाई सदैव प्रेम र सम्मान गर्नुहोस् । उहाँलाई पिडा पुऱ्याउनु जस्तो खराब कुरा अरु केही हुँदैन् । ईच्छा सहितको चाहनाले हाम्रो नियतिलाई हस्तक्षेप गर्दछ । नियति त्यस समयमा उद्घाटित हुन जान्छ जब हामी यसमा हस्तक्षेप नगर्न सिक्दछौं ।
- अभ्यासका दुई वटा विशेषता छन् । अभ्यास आफुस्वयंमा हाम्रो तरिकाको ५% भाग हुन्छ र प्रवृत्तिको भाग ९५% प्रतिशत हुन्छ । अभ्यास सिकाउन सकिन्छ, प्रवृत्ति सिकाउन सकिदैंन, व्यक्तिले विकसित गर्नु पर्दछ ।

कमलेश भाईले प्रश्न उत्तरको दुई वटा सत्रहरूमा भागलिनु भयो र रमाईलो ढङ्गले उत्तरहरू दिनुभयो तर अन्तरमनबाट नै

मार्ग दर्शन खोज्नमा जोड दिनुभयो । उहाँ समुहलाई भेट्दा खुशी हुनु भयो र यो आशा व्यक्त गर्नुभयो कि सबैले भविष्यमा आफुस्वयं लाई भविष्यमा अझ उच्चतर कार्यहरू गर्न तयार पार्नेछन् र मेरो गुरुदेव, मानव विकासमा मालिक भूमिका रिभिलिङ्ग दि पर्सनालिटी, लव एन्ड डेथ र रामचन्द्रको सम्पूर्ण कृति पढन सुझाव दिनुभयो ।

सेमिनारको अन्त्य नजिक आँउदा यस्ता कार्यक्रमहरूको अन्त्यमा हुने उदासीको स्थान अथाह खुशी र एउटा नयाँ सुरुआतको भावनाले लिएको थियो ।

पूर्विराज्यका प्रशिक्षकहरूको सेमिनार,

२४ देखि २८ मार्च २०१५

"मालिकलाई आन्तरिकिकरण र उहाँको शिक्षालाई वाह्यकरण गर" शिर्षकको यो सेमिनारमा पश्चिम बंगाल, विहार, उडिसा, झार खण्ड र सिक्किमका ८२ जना प्रशिक्षकहरू सहभागी भएका थिए । यसको साथ साथै केही आमन्त्रितहरू महाराष्ट्र, मध्य प्रदेश र तमिलनाडुका पनि थिए ।

यो कार्यक्रम ८ जना सहजकर्ताहरूद्वारा समन्वय गरिएको थियो र यस्ता सेमिनारलाई चारीजी महाराजले दिने गर्नुभएको मुल उद्देश्य नै ग्रहण गरिएको थियो: प्रशिक्षकहरूको बीच सही भातृत्व प्रवर्द्धन गर्नु, आपसमा सहयोगलाई प्रोत्साहन दिनु र विचारको आदान प्रदान गर्नु ।

सेमिनारमा समेटिएका विभिन्न विषय तथा छलफल एउटा सचेत जीवन शैली "सुधार र नियति" गरिनु र नगरिनु आदि थिए । प्रत्येक सत्रको सुरुआत कमलेश भाईले यसै बर्षको सुरुआतमा बताउनुभएको नयाँ तरिकाहरू मध्य एउटाको व्यावहारिक प्रयोगबाट सुरु हुने गर्द थियो । सबै व्यक्तिहरूलाई "हर्टफुलनेस" विश्रान्तीको तरिका सिक्ने अवसर प्राप्त भएको थियो ।

अन्तिम साँझमा कमलेश भाईले अडिटोरियम खण्डको पिढीमा रातीको खानाको आयोजना गर्नुभएको थियो । उहाँले सबै सहभागीहरूसित हार्दिक रूपमा अन्तरक्रिया गर्नुभयो र सबैको हृदय स्पर्श गर्नुभयो । सहभागीहरूले यस्ता थप कार्यक्रमहरूमा पनि सहभागी हुने उत्सुक्ता व्यक्त गरे ।

सन्देश फैलाउने

यानामाडला प्रकाशम जिल्लाको याडनापुडि मण्डलको एउटा सानो गाउँ हो । आदरणीय कमलेश भाईले आफ्नो तटिय आन्ध्र क्षेत्रको भ्रमणको अवधिमा ६ अप्रिलको दिन यो गाउँको भ्रमण गरेर एउटा "ओपेन हाउस" कार्यक्रम संचालन गर्नुभयो । झण्डै २५० जना गाउँलेहरू सहज मार्ग पद्धतिको ध्यानको बारेमा थप कुरा जान्नको लागि जम्मा भएका थिए । उहाँले एउटा सन्देश दिनुभयो, "जीवनको लक्ष्य र ध्यानको आवश्यकता ।" सिष्टर उमा गंगाधर (CIC, नेल्लोर) ले सन्देशलाई तेलुगुमा अनुवाद गर्नुभयो । यस क्षेत्रका विधायक पनि यो ओपेन हाउसमा सहभागी भएका थिए । उनले कमलेश भाईलाई तिनीहरू विद्यान सभा स्तरिय बैठकको समयमा अर्को एउटा ओपेन हाउस कार्यक्रम संचालन गर्नु अनुरोध गरे । सत्रको अवधिमा उठेका केही प्रश्नको उहाँले ध्यानको महत्वलाई जोड दिदैं उत्तर दिनुभयो ।

१६ अप्रिलको दिन विद्यालयकबाट अनुरोध भए अनुसार प्रकाशम जिल्लाको मार्टुर जिल्लामा अर्को एउटा ओपेन हाउस संचालन भयो । सिष्टर उमा गंगाधरले ध्यानको सहज मार्ग पद्धति र मानव जीवनको लक्ष्यको विषयमा संक्षिप्त व्याख्या गर्नुभयो । पछि डा. बैंकट आर ईडाटाले संक्षेपमा ध्यानको लाभको बारेमा व्याख्या गर्नुभयो । उहाँले तिनीहरूलाई दश मिनेटको लागि ध्यानमा बस्न भन्नुभयो । ध्यान पश्चात सबैले विश्रान्त भएको अनुभव गरे र केहीले भने तिनीहरूलाई असाधारण किसिमको शान्ति अनुभव गरे । कमलेश भाई त्यस समयमा शाहजहाँपुरमा हुनुहुन्थ्यो । उहाँले त्यहाँ उपस्थित भएका करिब ८०० व्यक्तिलाई रिमोट सिटिङ्ग दिनुभयो जुन ४० मिनेटसम्म चल्यो । सिटिङ्ग पश्चात कमलेश भाईले भेलालाई सम्बोधन गर्नुभयो र तिनीहरूलाई भन्नुभयो कि प्रारम्भिक सिटिङ्गलाई पूर्ण गर्नको निमित्त तिनीहरू १७ र १८ तारिखको दिन रातीको नौ बजे दोस्रो र तेस्रो सिटिङ्गको लागि बस्न सक्नेछन् । यो कार्यक्रम आयोजना गर्न धेरै स्वयं सेवक सक्रियतापूर्वक संलग्न थिए ।

नेपाल समाचार

बाबूजी महाराजको ११६ औं जन्म उत्सव

नेपालका सेन्टरहरु काठमाण्डौं, नेपालगजं, विराटनगरमा, महेन्द्रनगर, भैरहवा लगायतका विभिन्न सेन्टरहरुबाट पुज्य बाबूजी महाराजको ११६ औं जन्म उत्सवको भण्डारामा भाग लिन लखनउ जान नेपाल भरिबाट करिब ७० जना अभ्यासीहरुले रजिष्ट्रेशन गरेका थिए । तर अप्रिल २५ तारिखको महाभुकम्पको कारणले राष्ट्र नै शोकमा डुबेको र परिवार र आफन्त प्रतिको कर्तब्य र त्रासको बाताबरणमा परिवार लाई ढाडसदिन धेरै अभ्यासीहरु रोकिए र महेन्द्रनगर, नेपालगंज र विरगंजबाट अभ्यासीहरु, ३० अप्रिलको कार्यक्रममा भाग लिन गए ।

प्रशिक्षकहरुको गोष्ठि

श्रद्धेय मालिक कमलेशजीले यसै बर्षको सुरुआतमा प्रशिक्षकहरु लाई बताउनुभएको नयाँ तरिकाहरूको बारेमा एउटा गोष्ठी आवश्यक भइरहेको थियो । ब्रदर अजय भट्टर आफ्नो परिवारसँग अप्रिल २ तारिख देखि ६ तारिख काठमाण्डौं आउनु भएको समयमा नेपाल भरिको प्रशिक्षकहरुलाई खबर गरियो र छो टो समयको सूचनमा पनि सबैजसो प्रशिक्षकहरु लामो दुरि तय गरेर काठमाण्डौं आउनु भयो ।

श्रद्धेय मालिक कमलेशजीले सबै व्यक्तिहरूलागि सिकाउन भएको "हर्टफुलनेस" विश्रान्तीको नयाँ तरिका सबै प्रशिक्षकहरु मिलेर एकैसाथ अनुभव गरियो जुन बास्तिव मै प्रभावकारी भएको अनुभव सबै प्रशिक्षकले अनुभव गरें ।

गोष्ठिमा विभिन्न विषय "मालिकलाई आन्तरिकिकरण र उहाँको शिक्षालाई वाह्यकरण गर", "लालाजीको वार्ताको सिद्धान्त" र "कम्युनकेशन देखि कम्युनियन" आदि थिए । अप्रिल २ र ३ तारिख ब्रदर अजय भट्टरज्यूले नेपालका ९ जना तथा गुवाटीका २ जनाजगरि जम्मा ११ जना प्रशिक्षकहरुलाई लामो दुरिको सिटिङ्ग, एकै पटकमा जतिजनालाई पनि इन्ट्रोडकटरी सिटिङ्ग तथा एकै पटकमा जति जनालाई पनि ब्यक्तिगत सिटिङ्ग दिने विधिको बारेमा बिस्तृत जानकारी तथा सो सम्बन्धि विभिन्न बुदाहरु बारे प्रष्ट पार्नुभयो । त्यस सम्बन्धि छलफल तथा प्रस्न उत्तरको सत्रपनि गरियो ।

त्यस बाहेक शनिबारको नियमित सत्संग पश्चात अभ्यासीहरुको प्रश्नको उत्तर दिनुभयो । आइतबार साँझ पनि सत्संग गरियो जसमा अभ्यासीहरुको उत्साहजनक उपस्थिति थियो ।

"I am ever ready to bestow lavishly upon him who offers to prepare himself for having it. But so far none seems to have come up to have his bowl filled up to the brim. I have often offered to the abhyasis to rob me of all that I have, and to give me in return that which they have. Fair exchange is no robbery."

Babuji Maharaj

Complete Works of Ram Chandra, Vol. 2, p. 13